नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

अनुमतिपत्र महाशाखा

(.......................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याकस: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः०७९/८०

चलनी नं.: च.नं.:- ८८६

मिति: २०७९/१०/१८

<u>गसली खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे</u>

श्री हिमशिला पावर कम्पनी प्रा.लि.
बबरमहल, काठमाण्डौ, नेपाल
फोन नं :०१-४२२५२८१, ९८५११३३८५

प्रस्तुत विषयमा गसली खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुने क्रममा तपसिल बमोजिमका कागजात/ विवरणहरु नपुग देखिएको हुँदा मिति २०७९/१०/१८ को विभागीय निर्णयानुसार उक्त कागजात/ विवरणहरु ३५(पैतिस) दिनको समयावधि भित्र पेश गर्नहुन सो अवाधिमा प्राविधिक प्रस्तुतीकरण गर्नहुन र उक्त अवधिभित्र माग गरिएका विवरणहरु पेश नभएमा नियमानुसार कारवाही भईजाने व्यहोरा जानकारीको लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

<u>तपसिल :</u>

१. वि.उ.स. ९५५ को शर्त ७ (ज) पालाना भए/ नभएको व्यहोरा
२. कम्पनीको अद्यावधिक, कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख, पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) ।
३. प्रवर्द्धक कम्पनीले वा सोका शेयर होल्डरहरुले यस अघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागी भएको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी नेट वर्थ ।
४. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी ।
५. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परिक्षण गरिएको वित्तीय विवरण ।
६. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको नेटवर्थ वा कंम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डर हरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु ।
७. शेयर पूंजी लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णय ।
८. Guidelines for study of hydropower projects २०१८ अनुसार आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत इन्जिनियरिंग डिजाईन र डिजाईन नक्शा र ड्रइंग तथा सोको विद्युतीय प्रति ।( पेश भएकोमा परामर्शदाता तथा प्रबर्द्धकको आधिकारिक छाप नभएको)
९. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा ।
१०. निर्माण कार्यको विस्तृत तालिका ।

..........................
(रवि नेपाल)
इन्जिनियर